E-mail:tumbewa.gaunpalika@gmail.com
Website:http://tumwewamun.gov.np

# तुम्बेवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

तुम्बेवा-३, मौवा,पाँचथर
प्रदेश नं. १, नेपाल
स्था.२०७३

प.स.०७७/०७८
च.नं.

मिति: २०७७/०८/०९

## विषय: सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।
## प्रथम पटक प्रकाशित मिति २०७७/०८/०९

प्रस्तुत विषयमा तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा (५) बमोजिम उद्यम विकास सहजकर्ताको छनौट गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व दस्तुर तिरी रसिद सहित आवेदन फारामको ढाँचामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.स. | विज्ञापन नं | पद | माग संख्या | तह |
|---|---|---|---|---|
| १ | ०२/०७७/०७८ | उद्यम विकास सहजकर्ता (EDF) | २ (दुई) | चौथो |

१. **आवश्यक न्यूनतम योग्यता :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तिर्ण गरेको ।

२. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात** : आवेदक स्वयंले प्रमाणीत गरेको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, चारित्रीक प्रमाण-पत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धांक प्रमाण-पत्रको प्रतिलिपि, कार्य अनुभव प्रमाण-पत्रको प्रतिलिपिहरु, २ प्रति पासपोर्ट साइजको फोटो ।

३. **उमेरको हद:** दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

४. **परीक्षाको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित र अन्तरवार्ता ।

५. **आवेदन दस्तुर तथा आवेदन दिने तरिका:** आवेदन दस्तुर रु ५००।-मात्र (आवेदनको साथ गाउँकार्यपालिकाको कार्यालयमा नगद बुझाएको रसिद वा यस कार्यालयको प्राइम कमर्सियल बैंक तुम्बेवा शाखा, पाँचथरमा रहेको संचित कोष खाता नं.०७४०००९५ CA मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ) दरखास्त फारम तुम्बेवा गाउँकार्यपालिकाको कार्यालयमा नि:शुल्क उपलब्ध हुनेछ वा http://www.tumwewamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

६. **सम्पादन गर्नुपर्ने कामको विवरण:** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसूचि १ बमोजिम ।

७. **पारिश्रमिक:** सम्झौता बमोजिम गाउँपालिकाले तोके अनुसार ।

८. **आवेदन दिने अन्तिम मिति र स्थान:** २०७७/०८/२३ (सार्वजनिक विदा पर्न गए सो को भोलिपल्ट) कार्यालय समय भित्र (तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मौवा, पाँचथर)

९. **परीक्षा मिति:** प्रारम्भिक योग्यताक्रम (Shortlisting) को सूचि सँगै प्रकाशन गरिनेछ ।

रितपूर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कार्वाही हुने छैन । थप जानकारीका लागि तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मौवा पाँचथरमा उपस्थित भई वा मोवाइल मार्फत (९८०१४४५९३१, ९८१५९६२७१५, ९८४२७९१२९५) मा सम्पर्क गर्न सकिनेछ ।

२०७७/०८/०९

.................
दिपेन्द्र ढ्हाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत